# "खेलकुद प्रतियोगिता सञ्चालन गर्ने क्लब तथा संघसंस्था सहयोग तथा अनुदान कार्यविधि-२०७६"

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**प्रदेश खेलकुद विकास परिषद्**

प्रदेश नं ३

हेटौंडा, मकवानपुर

"खेलकुद प्रतियोगिता सञ्चालन गर्ने क्लब तथा संघसंस्था सहयोग तथा अनुदान कार्यविधि, २०७६"

प्रस्तावनाः

प्रदेश भित्रका विभिन्न क्लब तथा संघसंस्थाहरुलाई खेलकुद प्रतियोगिता सञ्चालन गर्नका लागि प्रदान गरिने सहयोग तथा अनुदानलाई व्यवस्थित गर्न प्रदेश खेलकुद विकास नियमावली २०७६ को नियम २० बमोजिम प्रदेश खेलकुद विकास परिषद्ले "खेलकुद प्रतियोगिता सञ्चालन गर्ने क्लब तथा संघसंस्था सहयोग तथा अनुदान कार्यान्वयन कार्यविधि,२०७६" जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "खेलकुद प्रतियोगिता सञ्चालन गर्ने क्लब तथा संघसंस्था सहयोग तथा अनुदान कार्यविधि,२०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-,

(क) 'परिषद्' भन्नाले प्रदेश खेलकुद विकास परिषद्लाई सम्झनुपर्छ ।

(ख) 'प्रतियोगिता' भन्नाले प्रदेश खेलकुद विकास ऐन तथा नियमावलीमा प्राथमिकताभित्र परेका खेलहरुका प्रतियोगिता, सरकारी तथा गैरसरकारी संस्था तथा क्लब, विद्यालय, विश्वविद्यालयद्वारा आयोजित लगायत अन्य सबै किसिमका खेलकुद प्रतियोगिताहरुलाई सम्झनुपर्छ ।

(ग) 'प्रदेश' भन्नाले प्रदेश नं ३ लाई सम्झनुपर्छ ।

(घ) 'मन्त्रालय' भन्नाले सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्छ ।

(ङ) 'सदस्य' भन्नाले परिषद्का सदस्यहरुलाई सम्झनुपर्छ ।

(च) 'सदस्य सचिव' भन्नाले परिषद्को सदस्य सचिवलाई सम्झनुपर्छ ।

(छ) 'समिति' भन्नाले प्रदेश खेलकुद विकास ऐन बमोजिम गठन हुने जिल्ला खेलकुद विकास समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद-२
## उद्देश्य

३. कार्यविधिका उद्देश्यहरु:

(क) खेलकुद कार्यक्रमका लागि प्रदान गरिने अनुदान तथा सहयोगलाई पारदर्शी, मितव्ययी तथा व्यवस्थित बनाउनु,

(ख) विभिन्न तहका खेलकुद प्रतियोगिता तथा खेलाडीहरुलाई प्रोत्साहन गरी खेल संस्कृतिको विकास गर्नु,

(ग) खेलकुदको विकासमा योगदान पुर्याउने संस्थाहरुलाई सहयोग गर्नु।

## परिच्छेद — ३
## संघसंस्था छनौट सम्बन्धी व्यवस्था

४. संघसंस्था छनौटका शर्तः प्रदेशभित्र स्थापना भइ खेलकुद प्रतियोगिता तथा कार्यक्रम प्रबर्द्धनसँग सम्बन्धित भएको संस्था हुनुपर्ने तथा प्रदेशभित्रका संघसंस्थाहरुलाई मात्र सहभागी गराइ प्रतियोगिता सञ्चालन गर्नुपर्नेछ ।

५. पेश गर्नुपर्ने कागजातहरु:

(क) अनुसुची १ बमोजिमको निवेदन

(ख) अनुसुची २ बमोजिमको प्रस्तावित प्रतियोगिताको विस्तृत प्रस्ताव पत्र

(ग) क्लब दर्ता तथा नविकरणको प्रमाण पत्र

(घ) पान दर्ताको प्रमाण पत्र

(ङ) अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन

(च) भौतिक अवस्था देखिने विवरण

(छ) जनशक्तिको अवस्था

(ज) विधान र संस्थाको संक्षिप्त प्रोफाइल

(झ) सम्बन्धित समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि

(ञ) अनुसुची -४ बमोजिमको प्रतिबद्धता-पत्र

६. <u>अनुदान रकम सम्बन्धमा:</u> (१) प्रतियोगितामा समावेश खेलको प्रकृति र खेलको स्तरका आधारमा संघसंस्थालाई प्रदान गरिने अनुदान देहाय बमोजिम हुनेछ:-

(क) फुटबल, क्रिकेट, भलिबल जस्ता समूह खेल प्रतियोगिता

१. प्रदेश स्तरको प्रतियोगिताका लागि प्रति खेल विधामा बढीमा रु ५ लाखसम्म

२. जिल्ला स्तरको प्रतियोगिताका लागि प्रति खेल विधामा बढीमा रु ४ लाखसम्म

३. स्थानीय स्तरको प्रतियोगिताका लागि प्रति खेल विधामा बढीमा रु २ लाखसम्म

(ख) एथलेटिक्स, मार्सल आर्टस् (कराते, बक्सिङ, तेक्वान्दो), व्याडमिन्टन, स्वीमिङः खेल प्रतियोगिताको प्रकृति र स्तरका आधारमा प्रति खेल विधामा बढीमा ३ लाखसम्म

(ग) अन्य खेलहरुः प्रतियोगिताको प्रकृति र स्तरका आधारमा प्रति खेल विधामा बढीमा २ लाखसम्म

(२) सघसंस्थाले पेश गरेका कागजात, प्रस्ताव र खेलको प्रतियोगिताको प्रकृति तथा स्तरको आधारमा संघसंस्था छनौट गर्नका लागि परिषदमा देहाय बमोजिमको एक छनौट समिति रहनेछ ।

| | |
|---|---|
| क) परिषद्को सदस्य सचिव | संयोजक |
| ख) परिषद्को कार्यालय प्रमुख | सदस्य |
| ग) परिषद्को प्रशासन र खेलकुद विकास शाखाको अधिकृत | सदस्य सचिव |

(३) उप दफा २ बमोजिमको छनौट समितिको काम कर्तव्य र अधिकार

क) परिषदमा प्राप्त मागहरुको अभिलेख कायम गरी खेल विधागत रुपमा अध्ययन गर्ने

ख) प्राप्त प्रस्तावका आधारमा प्रतियोगितामा समावेश भएका खेलहरु र सहभागि टिम र खेलाडीको सङ्ख्या, प्रतियोगिताको अवधि र खेलकफ प्रकृति र स्तरका आधारमा संघसंस्था छनौट र छनौट भएको संस्थाले प्राप्त गर्ने सहयोग अनुदान दफा ६ को उपदफा १ को परिधिभत्र रही सिफारिस गर्ने ।

## परिच्छेद- ४
## अनुदान व्यवस्थापन

७. संघसंस्थाले अनुदान खर्च गर्ने प्रक्रियाः

(क) प्रतियोगिता सञ्चालन गर्नका लागि छनौट भएका क्लब तथा संघसंस्थाहरुले प्रदेश खेलकुद विकास परिषद्सँग सम्झौता गर्नुपर्नेछ ।

(ख) क्लब तथा संघसंस्थाहरुले प्रतियोगिता सञ्चालन गर्दा सम्भव भएसम्म प्रदेश खेलकुद विकास परिषद्को प्रतिनिधिको उपस्थितिमा गर्नुपर्नेछ ।

(ग) प्रतियोगिता सञ्चालनका लागि प्रदान गरिने रकम सम्बन्धित क्लव वा संघसंस्थाको खातामा बढिमा दुई किस्तामा निकाशा गरी जम्मा हुनेछ ।

(घ) आर्थिक कारोबारको लेखा नेपाल सरकारको लेखा प्रणाली अनुसार हुनेछ ।

(ङ) अनुदान रकमको लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी परिषद्को हुनेछ ।

(च) प्रतियोगिता सञ्चालनका क्रममा भएका आर्थिक क्रियाकलापहरुको बिल तथा भरपाईहरु सम्बन्धित संस्थाले प्रमाणित गराई परिषदमा पेश गर्नु पर्नेछ ।

(छ) अनुदान प्राप्त गर्ने संघसंस्थाले राखेको लेखा परिषद्ले जुनसुकै बेला निरीक्षण गर्न सक्नेछ ।

## परिच्छेद - ५
## विविध

८. निर्देशन दिन सक्ने: कार्यक्रम सञ्चालनको सिलसिलामा परिषद्ले क्लब तथा संघसंस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

९. प्रतिवेदन पेश गर्नुपर्ने:, सम्बन्धित क्लब तथा संघसंस्थाले प्रतियोगिता आयोजक समितिबाट प्रतियोगिता सम्पन्न भएको प्रतिवेदन पास गराई एक महिना भित्र परिषद्मा पेश गर्नुपर्नेछ । कार्यक्रमका स्पष्ट देखिने फोटोहरु तथा भिडियो समेत प्रतिवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

## अनुसूचि-१

(कार्यविधिको दफा ४ सँग सम्बन्धित)

अनुदान माग गर्नेसम्बन्धी निवेदनको ढाँचा

मितिः..........................

श्री कार्यालय प्रमुखज्यू,
प्रदेश खेलकुद विकास परिषद्
प्रदेश नं ३, हेटौंडा ।

विषयः अनुदान उपलब्ध गराइदिनुहुन ।

प्रस्तुत विषयमा प्रदेश खेलकुद विकास परिषद्बाट "खेलकुद प्रतियोगिता सञ्चालन गर्ने क्लब तथा संघसंस्थालाई सहयोग तथा अनुदान कार्यान्वयन कार्यविधि-२०७६" बमोजिम खेलकुद प्रतियोगिता सञ्चालन तथा खेलकुद कार्यक्रम प्रबर्द्धनका लागि क्लब तथा संघसंस्थालाई प्रदान गरिने आर्थिक सहायताको रकम तपशिलमा उल्लेखित खेलकुद प्रतियोगिता सञ्चालन गर्नका निम्ति बजेट आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछौं ।

तपशिलः

संस्थाको नामः

ठेगानाः

कार्यक्रम/प्रतियोगिताको नामः

अनुदान आवश्यक पर्ने कारणः

प्रतियोगिता सञ्चालनको कुल लागतः

कार्यक्रमबाट लाभान्वित हुने जनसंख्याः

कार्यालय प्रमुखको
हस्ताक्षरः ..................
नामः ...................
थरः.................
पदः...................

**अनुसुची-२**

(कार्यविधिको दफा ४ सँग सम्बन्धित)

प्रतियोगिता सञ्चालन गर्नेसम्बन्धी प्रस्तावको ढाँचा

१. कार्यक्रम/ प्रतियोगिताको नामः

२. प्रस्तावित कार्यक्रम/ प्रतियोगिताको संक्षिप्त विवरणः

३. कार्यक्रम/ प्रतियोगिताको उद्देश्यः

४. लक्षित समुहः

५. संचालन गरिने क्रियाकलापहरुको विवरणः

६. कार्यक्रम अवधिः

७. अनुमानित कुल लागतः

(क) स्थानिय तहको हिस्साः

(ख) विकासका साझेदारहरुको हिस्साः

(ग) संस्थाको हिस्साः

(घ) परिषद्‌बाट माग गरेको अनुदानको हिस्साः

(ङ) अन्य निकाय/व्यक्ति/दाताको हिस्साः

**अनुसुची-३**

(कार्यविधिको दफा ६ सँग सम्बन्धित)

सम्झौतापत्रको ढाँचा

खेलकुद कार्यक्रम/प्रतियोगिता सञ्चालनका लागि प्रदेश खेलकुद विकास परिषद्, प्रदेश नं ३ र कार्यक्रम/ प्रतियोगिता सञ्चालन गर्ने संस्थाबीच भएको सम्झौतापत्र

आज मिति............................का दिन....................महा/उपमहा/ नगरपालिका/ गाउँपालिकामा रहेको अनुदान प्राप्त गर्ने संस्था (यसपछि दोस्रो पक्ष भनिएको) र प्रदेश खेलकुद विकास परिषद्, प्रदेश नं ३, हेटौंडा (यसपछि प्रथम पक्ष भनिएको) बीच देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही खेलकुद प्रतियोगिता सञ्चालन गर्नका लागि सहमति कायम गरी यो दुईपक्षीय सम्झौता गरिएको छ ।

सम्झौताका शर्तहरुः

१. कार्यक्रम सञ्चालनको क्रममा दोस्रो पक्षले "खेलकुद प्रतियोगिता सञ्चालन गर्ने क्लब तथा संघसंस्थालाई सहयोग तथा अनुदान कार्यान्वयन कार्यविधि-२०७६" मा भएका व्यवस्थाहरुको पूर्ण पालना गर्नु गराउनु पर्नेछ ।
२. प्रथम पक्षद्वारा प्रदान गरिएको अनुदान माग गरेको शीर्षकमा नै खर्च गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ ।
३. कार्यक्रम सञ्चालनको क्रममा प्रथम पक्षले दोस्रो पक्षको अनुगमन गर्न सक्नेछ ।
४. अनुदान रकमको दुरुपयोग हुन नदिनको लागि दोस्रो पक्षले आवश्यक व्यवस्था मिलाउने र प्रथम पक्षले त्यसमा आवश्यक सहयोग गर्नेछ ।
५. कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा कुनै समस्या देखा परेमा दुवै पक्षबीच सहमति कायम गरी यस सम्झौता पत्रमा आवश्यक परिमार्जन गर्न सकिनेछ ।
६. यस सम्झौता बमोजिम कार्य गर्ने क्रममा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षबीच आपसी समझदारीबाट समाधान गरिनेछ तर त्यसो हुन नसकेमा परिषद्को निर्णय अन्तिम हुनेछ ।
७. यस सम्झौतापत्रमा उल्लेख नभएका विषयमा "खेलकुद प्रतियोगिता सञ्चालन गर्ने क्लब तथा संघसंस्थालाई सहयोग तथा अनुदान कार्यान्वयन कार्यविधि-२०७६" बमोजिम हुनेछ ।

| प्रथम पक्षबाट | दोस्रो पक्षबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| छापः | छापः |

# अनुसुची-४

(दफा ४ सँग सम्बन्धित)

प्रतिबद्धता पत्र

प्रदेश खेलकुद विकास परिषद्को "खेलकुद प्रतियोगिता सञ्चालन गर्ने क्लब तथा संघसंस्थालाई सहयोग तथा अनुदान कार्यान्वयन कार्यविधि, २०७६" बमोजिम खेलकुद प्रतियोगिता सञ्चालन तथा प्रवर्धन अनुदान कार्यक्रममा सहभागिताको लागि इच्छुक भइ आवेदन पेश गरिएको छ । उक्त कार्यक्रमका लागि छनौट भएमा पेश गरिएको कार्ययोजनामा उल्लेख भए बमोजिम कार्य गर्नेछौं । प्रस्तावित कार्ययोजना बमोजिम कार्य नगरेमा प्रदेश खेलकुद विकास परिषद्, प्रदेश नं ३ बाट प्राप्त अनुदान रकम प्रचलित व्याजसहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । यसमा लेखिए बमोजिम नभएमा कानुन बमोजिम सहुँला/बुझाउँला ।

अनुदानग्राहीको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नः

दस्तखतः

मितिः

संस्थाको छापः